बैठक संख्या: ७८

आज मिति २०८३।०३।२६ गतेका दिनको ३:०० बजे माडी नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमु
श्री तारा कुमारी काजी महतोज्युको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारका निर्णयहरु गरियो

उपस्थिती :

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उप-प्रमुख | |
| ३ | अमित कुमार लामा | वडा अध्यक्ष वडा नं.१ | |
| ४ | दण्डपाणी पौडेल | वडा अध्यक्ष वडा नं.२ | |
| ५ | पुरन महतो | वडा अध्यक्ष वडा नं.३ | |
| ६ | माधव प्रसाद चापागाइ | वडा अध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडा अध्यक्ष वडा नं.५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडा अध्यक्ष वडा नं.६ | |
| ९ | चन्द्र कुमारी वानियाँ | वडा अध्यक्ष वडा नं.७ | |
| १० | वीरेन्द्र बहादुर भण्डारी | वडा अध्यक्ष वडा नं.८ | |
| ११ | घनश्याम दवाडी | वडा अध्यक्ष वडा नं.९ | |
| १२ | रिचा सुनार | कार्यपलिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुबेदी | कार्यपालिका सदस्य | |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

# ७८ औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं.१. माडी नगरपालिकाको ७७औं कार्यपालिका बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो र कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो।

निर्णय नं.२.वडास्तरीय सहजीकरण समिति मार्फत प्रमाणिकरण भई आएका प्राप्त भएका भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीका विवरणहरु मध्ये चेकजाँच सम्पन्न गरिएका भूमिहिन दलित र भूमिहिन सुकुम्वासीका विवरणहरु माडी नगरपालिका भित्रका भूमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीको पहिचान र प्रमाणिकरणको आधार र मापदण्ड-२०८३ को अनुसुची १ बमोजिम प्रमाणीकरण गरी पठाउने ।

निर्णय नं.३.ठेक्का नं. NCB/MMO/W/12/2082/83 को सूचना प्रविधिमा आधारित कृषि उपज वजार केन्द्र स्थापना/सुदृढिकरण माडी-०३ कार्यको डिपिआर अनुसारको लागत अनुमान तयार गर्दा जग्गाको क्षेत्रफल भन्दा कार्य गर्दा वखतको क्षेत्रफल कम भई भौतिक रुपमा सम्पन्न भएको तर वित्तिय रुपमा ९० प्रतिशत भन्दा कम देखिएपनि सो कार्य स्वीकार गरी योजना गरिएको फरफारकलाई अनुमोदन गर्ने ।

निर्णय नं.४.माडी नगरपालिका नगरकार्यपालिका र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत करार सेवाका सम्पुर्ण कर्मचारीहरुको म्याद २०८३ कार्तिक मसान्त सम्मका लागि थप गर्ने।

निर्णय नं.५. माडी नगरपालिका वाट गरिने बजार अनुगमन ऐन २०८३ लाई स्वीकृतीका लागि नगरसभामा पेश गर्ने ।

निर्णय नं.६.माडी प्रज्ञा प्रतिष्ठान नियमावली-२०८३ लाई स्वीकृत गर्ने ।

निर्णय नं.७.माडी नगरपालिकाको संगठन तथा व्यवस्थापन प्रतिवेदन-२०८३ लाई स्वीकृतीका लागि नगरसभामा पेश गर्ने।

निर्णय नं.८. माडी नगरपालिका नगरकार्यपालिकाको कार्यालय चितवन मुद्दानं. ०८२-WD-०१७३ उत्प्रेषण परमादेश दर्ता मिति २०८२।०४।१६ उच्च अदालत पाटन ललितपुरका लागि यस नगरपालिकाको तर्फबाट वारेस थाम्नका लागि र मुद्दाको अन्तिम किनारा नलागेसम्मका लागि रेवती प्रसाद पन्तकी बुहारी प्रेम प्रसाद पन्तकी श्रीमती श्री निर्मला पन्त चापागाँई (ना.प्र.नं. १०३४३९) लाई वारेस दिने।

निर्णय नं.९.यस नगरपालिका भित्र रहेका सोमेश्वरगढी, पुष्पमदन वाटिका र बैकुण्ठ धाम लगायतका क्षेत्रमा लगाईएका सवै प्रकारका शुल्क नगरपालिकाले तोके बमोजिम संकलन गर्ने, कर्मचारी व्यवस्थापन गर्ने र नियमानुसार खर्च गर्ने जिम्मेवारी सम्वन्धित समितिहरुलाई नै प्रदान गर्ने ।यसरी शुल्क संकलन गर्दा प्रति टिकट रु.५।- नगरपालिकामा तोकिए वमोजिम जम्मा गर्ने र अनिवार्य रुपमा नगरपालिकावाट लेखापरिक्षण गर्ने व्यवस्था मिलाउने ।

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत